नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- ३५८

मितिः-२०८०/११/१३
ने.सं.११४४ सिल्लागा ०१

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १५४ मिति २०८०/११/१३ को ११४ औं अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

११/१३
(आयुषी भट्टराई)
शाखा अधिकृत

**बोधार्थः**
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

संघीय मा. म.

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
महिला सशक्तीकरण महाशाखा
महिला विकास तथा लैंगिक मूलप्रवाहीकरण शाखा

फोन नं. :४२००१६४

पत्र संख्या :- ०८०/८१
च.नं. :- ९५४

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३३२३
दर्ता मितिः- ११/१३

मितिः २०८०/११/१३
नेपाल सम्बत् ११४४

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ।

विषयः- <u>११४ औं अन्तर्राष्ट्रिय महिला दिवस मनाउने सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस मन्त्रालयले विगत बर्षमा झैं २०८०/११/२५ गते (तदनुसार ८ मार्च, २०२४) शुक्रवारका दिन ११४औं अन्तर्राष्ट्रिय महिला दिवस मनाउने तयारी गरेको छ । यसका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको अध्यक्षतामा अन्तर्राष्ट्रिय महिला दिवस मूल समारोह समिति गठन गरेको छ। मूल समारोह समितिले निर्देशक समिति लगायत अन्य उपसमितिहरु समेत गठन गरी दिवस मनाउने तयारी भइरहेको छ।

संयुक्त राष्ट्रसंघवाट **'Invest in women: Accelerate progress'** भन्ने अन्तर्राष्ट्रिय नारा तय भएको छ भने **"महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी "** भन्ने राष्ट्रिय नारा तय गरी सो नाराका साथ यो दिवस मनाउन आह्वान गरिएको सन्दर्भमा सबै प्रदेश, स्थानीय तहहरु, जिल्ला समन्वय समितिहरु तथा विभिन्न संघ/संस्था, नागरिक समाज लगायतका सबै सरोकारवाला निकायहरुलाई महिलाहरुको आर्थिक सामाजिक सशक्तीकरणका लागि लगानीको सुनिश्चितताको निम्ति सहयोग गर्ने रचनात्मक तथा सिर्जनात्मक कार्यक्रमहरु आयोजना गरी सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले साझा अभियानका रुपमा उक्त दिवस भव्य रुपमा ७५३ स्थानीय तहमा साताव्यापी रुपमा मनाउने व्यवस्थाका लागि आवश्यक समन्वय गरिदिनुहुन कार्यक्रम मूलसमारोह समितिको निर्णयानुसार अनुरोध छ।

(करुणा आचार्य)
शाखा अधिकृत

<u>सादर अवगतार्थः</u>
श्रीमान् सचिवज्यू,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
सिंहदरवार,काठमाण्डौ।

स्थानीय तह समन्वय
समन्वय
११/१३